प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
परीक्षा नियन्त्रण कार्यालय

# उत्तर पुस्तिका परीक्षण केन्द्र

ईटहरी ,सुनसरी

## उत्तर पुस्तिका परीक्षण गर्ने विज्ञहरुको रोस्टरमा नाम समावेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२।०२।२९)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा संचालन हुने डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमका विषयहरुको उत्तर पुस्तिका परीक्षण गर्न विज्ञहरुको आवश्यकता परेको हुनाले परिषद् अन्तर्गतका आंगिक/साझेदारी/टेक्स/निजी स्तरमा संचालित प्राविधिक विषयका कार्यक्रमहरु संचालन गर्ने शिक्षण संस्थाहरुमा कम्तिमा १ वर्षको शिक्षण/प्रशिक्षणको अनुभव भएका प्रशिक्षकहरुले परिषद् कोशी प्रदेश कार्यालयको वेवसाईट www.ctevtkoshi.org.np मा निर्धारित ढाँचाको निवेदन सहित आफैले प्रमाणित गरेका आवश्यक शैक्षिक योग्यता र अन्य कागजातहरु संलग्न गरी विज्ञको रोस्टरमा समावेश भई सेवा प्रवाहमा सहयोग गरीदिनुहुन अनुरोध छ । निवेदन तथा कागजातहरू परिषद्, उत्तर पुस्तिका परीक्षण केन्द्र, इटहरी, सुनसरी (परिषद्, कोशी प्रदेश कार्यालय परिसर भित्र) मा बुझाउनु पर्नेछ ।

**आवश्यक कागजातहरु:**

१ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

३ शिक्षण/प्रशिक्षण कार्य अनुभव (CTEVT सम्बद्ध शिक्षण संस्थाको अनुभव मात्र) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

४ पेशागत दर्ता (Council Registration) प्रमाणपत्रको प्रतिलिपी

**निवेदन दिन सकिने स्थान:**

१ परिषद्, उत्तरपुस्तिका परीक्षण केन्द्र, ईटहरी, सुनसरी सम्पर्क फोन नं.: ९८२४३१७५९९

२ परिषद् कोशी प्रदेश कार्यालयको वेवसाईटमा रहेको अनलाईन दरखास्त फारामः https://forms.gle/NLRYwwLRJLfferXo8

**उत्तरपुस्तिका परीक्षण केन्द्र**

मितिः

श्रीमान प्रमुखज्यु,
**उत्तरपुस्तिका परीक्षण केन्द्र,**
परीक्षा नियत्रण कार्यालय,
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
ईटहरी, सुनसरी

**विषयः उत्तरपुस्तिका परीक्षण गर्न पाऊँ ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा संचालित डिप्लोमा तथा प्रमाणपत्र तहको बार्षिक र सेमेष्टर परीक्षाका उत्तरपुस्तिकाहरु परीक्षण गर्न म आफु ईच्छुक रही परिषद्को परीक्षा सम्बन्धी विनियमावली, २०७१ को परिच्छेद- सात बमोजिमको योग्यता हाँसिल गरेको छु। सोही विनियमावली र अन्य प्रचलित कानुन बमोजिम परीक्षणको गोपनियतालाई पुर्ण सुरक्षित गर्दै सोको मर्यादामा कुनै आँच दिनेछैन/गर्नेछैन भनि कबुलियतनामा सहित देहाय बमोजिमका कागजातहरु राखी आफ्ना विवरणहरु उल्लेख गरी उत्तरपुस्तिका परीक्षण गर्नका लागि यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१. नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपी,
२. शैक्षिक प्रमाणपत्रहरुको स्वयं प्रमाणित प्रतिलिपी,
३. कार्यअनुभव(CTEVT संम्बद्द शिक्षण संस्थाको शिक्षण अनुभव मात्र) पत्रको स्वयं प्रमाणित प्रतिलिपी,
४. पेशागत दर्ता(Council) प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपी,
५. अन्य..............................................................................

| परिक्षक/सम्परीक्षक को शैक्षिक योग्यता | उत्तरपुस्तिका परीक्षण/सम्परीक्षण गर्न चाहेको विवरण | |
|---|---|---|
| | कार्यक्रम | विषय |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**निवेदक**
नाम, थरः
स्थायी ठेगनाः
मोबाईल नं :
कार्यरत शिक्षण संस्थाः
रा.बा बैंकको खाता नं:
दस्तखतः